# पाठशाला सफ्टवेयरको सम्झौतापत्र

लिखितम्, जिल्ला काठमाण्डौं म. न. पा. वडा नं. ३०, मैतिदेवी स्थित प्रधान कार्यालय रहेको **सफ्टल्याब ईकं प्रा. लि.** (यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) र **..........................................................** (यस पछि दोस्रो पक्ष भनी सम्बोधन गरिएको) का बीच यस सफ्टवेयर **पाठशाला** को प्रयोग र सेवा सम्बन्धी तपसिलका बुँदाहरुको अधीनमा रहेर यो सम्झौतापत्रमा राजीखुशी साथ हस्ताक्षर गरी एक–एक प्रति बुझी लियौं, दियौं ।

## परिभाषा, शर्त, तथा बन्देजहरु

### परिभाषाहरु :

**सफ्टवेयरको परिभाष**
यस सम्झौता पत्रमा उल्लेख गरिएका शब्दहरु “सफ्टवेयर”,  “यस सफ्टवेयर”, “प्रथम पक्षको सफ्टवेयर”, “पाठशाला सफ्टवेयर”, “यो सफ्टवेयर” ले प्रथम पक्षले निर्माण गरेको पाठशाला  नाम गरेको सफ्टवेयर, जसलाई एक शब्दमा पाठशाला भन्ने स्कुल तथा कलेज व्यवस्थापन गर्ने कम्प्यूटर सफ्टवेयर जनाउँदछ ।

**अध्यावधिकको परिभाषा**
यस सम्झौतापत्रमा अध्यावधिकको अर्थ पाठशाला सफ्टवेयरमा गरिने सुधार वा सम्पादन भन्ने हो ।

**अतिरिक्त शुल्कको परिभाषा**
यस सफ्टवेयरको खरीद मुल्य तथा सेवा शुल्क बाहेक प्रथम पक्षलाई दोस्रो पक्षले प्रदान गर्ने शुल्क वा मुल्यलाई अतिरीक्त शुल्क भनिएको छ ।

**सफ्टवेयरको डाटाबेसको परिभाषा**
यस सफ्टवेयरको सम्पूर्ण तथ्याङ्क प्रविष्टि भएको कम्प्युटरको फाइल सिस्टमलाई डाटाबेस भनिएको छ ।

**भुक्तानी प्रदायकको परिभाषा**
भुक्तानी प्रदायक भनेको नेपाल राष्ट्र बैक बाट अनलाईन भुत्तानी गर्न अनुमती प्राप्त बैक वितिय संस्था तथा वालेटहरु लाई जनाउनेछ ।

**तेस्रोपक्षको परिभाषा**
तेस्रो पक्ष भनेको भुक्तानी प्रदायकको सिस्टम प्रयोग गरी अनलाईन भुक्तानी गर्ने विद्यार्थी तथा अभिभावक लाई जनाउनेछ ।

**क्लाउड होस्टिङ्गको परिभाषा**
दोस्रो पक्षको विद्यालयको डाटा लाई प्रथम पक्षको सर्भर कम्प्यूटरमा सुरक्षित राख्ने प्रविधिलाई जनाउनेछ ।

## पाठशाला सफ्टवेयरको सम्झौतापत्र

**दफा नं १**

### १.१ सफ्टवेयरको लाईसेन्सको प्रयोग, मूल्य, तथा सेवा शुल्क :

यस सफ्टवेयर प्रयोगको सम्बन्धमा सफ्टवेयरको लाइसेन्सको प्रयोग, यसको मूल्य, र सेवा शुल्क तपसिलका बुँदाहरुको अधिनमा रहेर हुनेछन् ।

| सफ्टवेयर सेवा तथा सुविधाहरु (एक पटक लाग्ने शुल्क) | शुल्क |
|---|---|
| **गोल्ड एडीसन ( असीमित प्रयोगकर्ता )**<br>**१.** विद्यार्थी विवरण व्यवस्थापन **२.** बिलिङ्ग व्यवस्थापन **३.** लेखा व्यवस्थापन<br>**४.** परीक्षा व्यवस्थापन **५.** पुस्तकालय व्यवस्थापन **६.** स्टोर व्यवस्थापन<br>**७**. कर्मचारी व्यवस्थापन **८.** हाजिरि व्यवस्थापन **९.** तलब भर्पाई<br>**१०**. अनलाईन फि-पेमेन्ट **११** . मोबाईल एप **१२**. वेभ साईट<br>**१३.** आइडी कार्ड व्यवस्थापन **१४.** एस एम एस व्यवस्थापन | |
| **जम्मा शुल्क** | |

| वार्षिक सेवा शुल्क, क्लाउड होस्टिङ्ग तथा डाटा ब्याकअप सेवा शुल्क | | शुल्क |
|---|---|---|
| **१.** | क्लाउड होस्टिङ्ग तथा डाटा ब्याकअप सेवा शुल्क **(**प्रति वर्ष**)** | |
| **२.** | सेवा तथा सफ्टवेयर अपडेट शुल्क **(**प्रति वर्ष**)** | |
| **३.** | एस एम एस शुल्क **(**प्रति एस.एम.एस.**)** | |
| **४.** | वेभ साईट होस्टिङ्ग शुल्क **(**प्रति वर्ष**)** | |
| **जम्मा शुल्क (प्रति वर्ष)** | | |

### १.२ अन्य सर्त

१. माथि उल्लेखित सबै शुल्क तथा दस्तुरमा मुल्य अभिवृद्धि कर थप लाग्नेछ ।
२. दोस्रो पक्षकै कार्यालयमा तालिम सञ्चालन गर्दा निश्चित स्थान, निश्चित समय, तथा अन्य भौतिक पूर्वाधारको जगेडा गराउने कार्य दोस्रो पक्षको नै हुनेछ । तालिम सञ्चालन भएको समयमा कुनै पनि किसिमको अवरोध नआओस् भन्ने कुराको ध्यान दोस्रो पक्षले पुऱ्याउनुपर्ने हुन्छ ।
३. प्रथम पक्षले दोस्रो पक्षकोमा तालिम दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ ।
४. अनलाइनबाट विद्यार्थीहरुले तिर्ने शुल्क भुक्तानी गर्दा लाग्ने सेवा शुल्क भुक्तानी प्रदायक संस्थाले तोके बमोजिम हुनेछ । थप विवरण अनुसुची १ मा ।
५. प्रथम पक्षका कर्मचारीहरुले दोस्रो पक्षलाई प्रथम पक्षको सफ्टवेयर सञ्चालन गर्ने कार्य सम्बन्धि मात्र तालिम प्रदान गर्नेछन् । लेखा नितीनियम तथा विधि सम्बन्धि, तथा हिसाब मिलाउने कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ । पटक पटक तालिम प्रदान हुदाँ हुँदै पनि दोस्रो पक्षका कर्मचारी हरु असक्षम भएको खण्डमा प्रथम पक्षले दोस्रो पक्षलाई जानकारी गराउनेछ । यस्तो अवस्थामा दोस्रो पक्षले समस्याको प्रकृती हेरी त्यस सम्बन्धि निधान पत्ता लगाउने कार्य गर्नुपर्नेहुन्छ । यति हुँदाहुँदै यस सम्बन्धि समाधान नहुने

अवस्था आएको खण्डमा कुनै एक पक्षले शिक्षक, विद्यार्थी, तथा प्रत्येक पक्षका दुई जना न्युनतम अधिकृत तहका कर्मचारीहरुको बैठक बोलाएर समाधान गर्नुपर्नेछ ।

६. सफ्टवेयरमा तथ्याङ्क प्रविष्टि गर्ने कार्य दोस्रो पक्षको हुनेछ । कुनै विशेष परिस्थितिमा प्रथम पक्षले दोस्रो पक्षको हिसाब मिलाईदिनुपर्ने भएको खण्डमा वा प्रथम पक्ष स्वयंले तथ्याकं प्रविष्टि गरी दिनुपर्ने भएको खण्डमा दुबै पक्षको आपसी समभदारी अनुरुप अतिरित्त शुल्क लाग्नेछ ।

७. सफ्टवेयर परिमार्जन तथा नयाँ अपडेट भएको बेलामा त्यस अपडेट सम्बन्धि दोस्रो पक्षको कर्मचारीहरुलाई प्रथम पक्षले निशुल्क तालिम प्रदान गर्नेछ ।

८. दोस्रो पक्षको कर्मचारीहरुलाई प्रथम पक्षले पुन तालिम प्रदान गर्नु परेको खण्डमा रु. १०,०००/– शुल्क लाग्ने छ । प्रथम पक्षले दोस्रो पक्षकोमा तालिम दिनुपर्ने खण्डमा, दोस्रो पक्षले आवत-जावत, खानपीन र बसाईको खर्च वा बन्दोबस्त मिलाउनु पर्नेछ ।

९. सफ्टवेयरको शुल्क तथा सेवा शुल्क विभिन्न परिस्थितिजन्य कुराहरुमा भरपर्ने हुनाले भूतकालमा वा भविष्यमा अर्को कुनै संस्थालाई कम अथवा बढी मुल्यमा दिइएको वा दिइने हुनसक्ने भएको यसलाई विवादको विषय बनाउन पाइने छैन ।

१०. कुनै लिखित प्रमाण नभएको कुनै पनि पक्षका कर्मचारीहरुले गरेका कुनैपनि किसिमको वाचालाई मान्यता दिइने छैन ।

## १.३ भुक्तानी अवधि

१. दोस्रो पक्षले सफ्टवेयर जडान शुल्क सम्नझौताको बखत ५०% र तालिम सकिएको ७ दिन भित्र बाँकि ५०% भुक्तानि गर्नुपर्नेछ ।

२. होस्टिंग तथा सेवा शुल्क सफ्टवेयर जडान भएको मितिबाट लागू हुनेछ र दोस्रो पक्षले बार्षिक रुपमा अग्रिम भुक्तानी गर्नुपर्नेछ ।

३. भुक्तानि रकम बिल प्राप्त भएपछि ७ दिनभित्रमा  गरिसक्नु पर्नेछ । भुक्तनि रकम बुझाउनुपर्ने ३० दिनभित्रमा पनि रकम नबुझाएको खण्डमा सफ्टवेयर स्वतह बन्द हुनेछ र भुक्तानी पश्चात मात्र सफ्टवेयर सुचारु हुनेछ ।

## १.४ अध्यावधिक सम्बन्धि व्यवस्था

१. दोस्रो पक्षको संस्था-विशेष तथा वृद्धि-विशेष आवश्यकता सफ्टवेयरमा थप्नका लागि दुबै पक्षको सम्भौता अनुरुप अतिरित्त शुल्क लाग्न सक्नेछ । तर अन्य कुनै संस्थाका लागि सफ्टवेयरमा थप गरिएको विशेषता दोस्रो पक्षले निशुल्क रुपमा प्राप्त गर्न सक्नेछ ।

२. सफ्टवेयर सम्बन्धि अद्यावधिक वा अन्य कुनै पनि किसिमको कार्य दोस्रो पक्षले माग गर्नुपर्ने भएको खण्डमा संस्थाको लेटरप्याडमा लिखित रुपमा जानकारी प्रदान गर्नुपर्नेछ । प्रथम पक्षले मागहरुलाई FIFO विधि अनुरुप प्राथमिकतामा राखेर अध्यावधिक गर्दै लग्नेछ । लिखित प्रमाण बाहेकका टेलिफोन वा भेटवार्तामा प्रंसगवस उठाइएका माग तथा गरेका वाचा तथा कबोलहरुलाई कुनै पनि पक्षद्वारा महत्वको विषय बनाइने छैन ।

## १.५ सम्झौता बहाल रहने अवधि

यस सम्झौता हस्ताक्षर भएको मितिबाट ३ (तिन) वर्षसम्म बहाल रहनेछ । त्यसपछि आपसी सहमतिमा सम्झौता पुन: नविकरण गर्नुपर्नेछ ।

## १.६ गोपनीयता

सम्झौताको दुबै पक्षले एकअर्काको व्यवसायिक गोप्यता राख्नुपर्नेछ। दुबै पक्षले प्रयोगकर्तालाई समान्य सुचना दिनेबाहेक एकअर्काको व्यापार रणनीति, अन्य विवरण वा विषयमा गोपनीयता कायम राख्नुपर्नेछ। सम्झौता बहाल रहेको अवधिमा र अन्त्य भएको कम्तिमा पनि पाँच वर्षसम्म एक अर्काका गोप्य कुरा बाहिर सार्वजनिक गर्न पाइनेछैन।

## १.७ मध्यस्थता र समन्यायिक उद्धार

दुबैपक्ष सम्झौताभन्दा बाहिर गएर कुनै असमझदारी र वादविवाद गर्नेछैनौ । यदि कुनै बुँदामा वादविवाद भएमा सम्झौतापत्रमा सम्झौता भएबमोजिम मिलाउनेछौं । यो प्रक्रियाबाट विवाद निरुपण नभएमा नेपाल सरकारको न्यायिक निकायबाट यसको निरुपण गरिनेछ। उक्त निकायले कुनै असमझदारी भए विवादित विषयलाई सबैपक्षका बिचमा मिलाउनेछ र यसको निर्णय अन्तिम र बाध्यात्मक हुनेछ ।

## १.८ लागू हुने कानुन

यस सम्झौता मुलुकि ऐनको देवानी संहिता २०७४ बमोजिम तर्जूमा गरिएको हो र यसलाई सञ्चालन, व्याख्या प्रचलित कानुन बमोजिम गर्न सक्नेछ । यस सम्झौताको कुनै पनि दफा नेपाल कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

## १.९ सम्झौता

यस सम्झौता र यससँग सम्बन्धित कुनै पनि लिखतले सम्झौताको उद्देश्य बमोजिम पक्षहरुबिच यस अघि भएको सम्पूर्ण सम्झौतालाई खारेज गर्नेछ ।

## १.१० स्वतन्त्र अस्तित्व

पक्षहरु स्वतन्त्र अस्तित्वका हुनेछन् । दुबै पक्ष कन्सल्टेन्ट राख्न, रोजगारी सिर्जना गर्न, एजेन्ट, पार्टनर, संयुत्त लगानी गर्न, अन्य प्रयोजनका लागि बैधानिक प्रतिनिधी राख्न, र आफ्नो अधिकार तथा शक्ति अन्य प्रतिनिधि वा दायित्व अन्यलाई हस्तान्तरण गर्न स्वतन्त्र छन् ।

## १.११ संशोधन

यस सम्झौताको कुनै पनि शर्तहरु पक्षहरुको अधिकारीक व्यक्तिले लिखित रुपमा हस्ताक्षर नगरी संशोधन गर्न सक्नेछैन । दुवै पक्षबाट यसमा रहेका बुदाहरु संशोधन गर्न आवश्यक ठानी दुवैपक्षको उपस्थितीमा आपसी समझदारिमामात्र सम्झौतापत्र संशोधन हुनेछ । यसरी गरेको संशोधन यसै सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।

## १.१२ क्षतिपुर्ति सम्बन्धि व्यवस्था

यस सम्झौताको पक्षले सम्झौताको कुनै व्यवस्था उल्लंघन गरेमा र पालना नगरेको कारण अर्को पक्षलाई हानी-नोक्सानी हुन गएमा त्यस्तो हानी-नोक्सानी बापतको क्षतिपुर्ति रकम सम्झौताको उल्लंघन गर्ने वा पालना नगर्ने पक्षले अर्को पक्षलाई तिर्न-बुझाउनु पर्नेछ । यस दफा बमोजिम क्षतिपुर्ति माग भएको अवस्थामा माग भएको मितिले ३० दिन भित्रमा सम्झौताको उल्लंघन गर्ने वा पालना नगर्ने पक्षले अर्को पक्षलाई तिर्न-बुझाउनु पर्नेछ । दोश्रो पक्षले सम्भौतापत्रको अवधि भित्र सम्भौता रद्द गरेमा प्रथम पक्षलाई भुक्तानी गरेको कुनै पनि रकम फिर्ता गर्न प्रथम पक्ष बाध्य हुनेछैन र प्रथम पक्षलाई सम्भौता अनुसारको रकम क्षतिपुर्ति अनुसार भुक्तानी गर्नुपर्नेछ ।

### १.१३ सम्झौतापत्र समाप्त हुने अवस्था

यदि कुनै कारणबस सम्झौतापत्र समाप्त गर्नुपर्ने अवस्थामा वा यदि कुनै पक्षले सम्झौता तोड्न चाहेको खण्डमा अर्को पक्षलाई सम्झौता तोड्नुपर्ने उचित कारणसहित ६ महिनाको अग्रिम सूचना दिनुपर्नेछ ।

### १.१४ सूचना

कुनै पनि सूचना दिनु परेमा तपसिलमा उल्लेख गरेको ठेगानामा लिखित रुपमा हुलाक मार्फत वा प्रतिनिधि वा ईमेलबाट सम्बन्धित पक्षलाई दिनु पर्ने छ ।

| **प्रथम पक्षको सम्पर्क जानकारी** | | | |
|---|---|---|---|
| **क्र.सं.** | सम्पर्क व्यक्ति | सम्पर्क नं. | कैफियत |
| १. | कार्यालयको सम्पर्क नम्बर | 01-5907373 \| 01-5907374 | 07am-05.30pm |
| २. | विशेष गौतम | 9801854143 | आर्थिक कारोबार सम्बन्धी |
| ३. | ईमेल ठेगाना | mail@softlabinc.com | |
| **दोश्रो पक्षको सम्पर्क जानकारी** | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |

तपसिलमा उल्लेखीत साक्षीहरुको रोहबरमा पक्षको आधिकारीक प्रतिनिधिले दुबै पक्षको तर्फबाट तल लेखिएको मितिमा सम्झौता हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं।

**मिति ......... साल .......... महिना ......... गते, रोज ........ शुभम् ।**

हस्ताक्षरकर्ता

**पहिलो पक्षको तर्फबाट**

________________

नाम:
पद:

**दोश्रो पक्षको तर्फबाट**

________________

नाम:
पद:

**साक्षिहरु**

________________

नाम:
पद :

________________

नाम:
पद:

**<u>अनुसुची १</u>**

**अनलाईन भुक्तानी सम्बन्धमा**

१. प्रथम पक्षले निर्माण गरेको पाठशाला नामक सफ्टवेयर दोस्रो पक्षले खरिद गरी आफनो संस्थामा प्रयोग गरिरहेको र सो पाठशाला नामक सफ्टवेयर बाट दोस्रो पक्षका अभिभावक/विद्याथी हरुले दोस्रो पक्षलाई भुक्तानी गर्नु पर्ने रकम भुक्तानी प्रदायकहरुबाट संकलित रकम प्रथम पक्षको पाठशाला सफ्टवेयरको प्यानलमा जम्मा हुनेछ । उक्त रकम दोस्रो पक्षले आफुले चाहेको जुन सुकै समयमा रकम निकासा गर्नको लागी पाठशाला सफ्टवेयर लगइन गरी आफनो रकम रुजु गरी दोस्रो पक्षको खातामा सोझै रकमान्तर गर्न सक्नेछ । सो रकम प्रथम पक्षले रुजु गरी दोस्रो दिन प्रथम पक्षको पाठशाला सफ्टवेयरको प्यानल बाट दोस्रो पक्षको बैक खातामा रकम रकमान्तर हुने कुरामा हामी दुबै पक्ष मञ्जुर गर्दछौ ।

२. प्रथम पक्षको पाठशाला सफ्टवेयरको प्यानलमा जम्मा भएको रकम दोस्रो पक्षको ..............................................................................................................................................बैक को ..................................................................................................................................................खातामा उक्त रकम रकमान्तर हुने कुरामा हामी दुबै पक्ष मञ्जुर गर्दछौ ।

३. दोस्रो पक्ष लाई तेस्रो पक्षले भुक्तानी गरेको रकम प्रथम पक्षले सहजिकरण गरे बापत प्रति अनलाईन रकम संकलनमा तेस्रो पक्ष बाट **रू. १०/- (दश)** सेवा शुल्क प्रथम पक्षले लिने छ । कुनै कारणबस भविश्यमा नेपाल राष्ट्र बैकको नियम अनुसार तेस्रो पक्षबाट सेवा शुल्क लिन नमिल्ले भनी कुनै पनि निति नियम लागू भएको खण्डमा सेवा शुल्क को रकम दोस्रो पक्षले प्रथम पक्षलाई भुक्तानी गर्नु पर्ने कुरामा हामी दुबै पक्ष सहमत गर्दछौ ।

४. दोस्रो पक्षले पाठशाला नामक सफ्टवेयर को नविकरण नगरेमा यो अनलाईन भुक्तानी सेवा स्वतः बन्द हुनेछ।